"सम्पूर्ण मगर विद्यार्थीहरु एक होऔं, शैक्षिक जागरण फैलाऔं ।"

स्था: २०५१

## नेपाल मगर विद्यार्थी संघको

# एघारौं राष्ट्रिय महाधिवेशन-२०७९

(माघ ७ र ८ बुटवलद्धारा थप संशोधित)

# विधान २०५३

# प्रस्तावना

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसाँस्कृतिक संघीय लोकतान्त्रिक गणतन्त्र देश नेपालका आदिवासी तथा जनजाति विद्यार्थी संगठनहरूसँग मैत्रीपूर्ण सम्बन्ध, पारस्परिक सहयोग एवं सद्भावना राखी माध्यमिक विद्यालयदेखि विश्वविद्यालय तह सम्म अध्ययनरत मगर विद्यार्थीहरूको हकहित, अधिकार र प्रतिष्ठा प्राप्तिको निम्ति र सोको संरक्षण एवं सम्वर्द्धन गर्ने उद्देश्यबाट अभिप्रेरित भई न्याय, समानता, स्वतन्त्रता, राष्ट्रियता, लोकतन्त्र **(Democracy)** र सामाजिक समताको निम्ति उनीहरूको सर्वाङ्गीण विकास गर्दै देशको समुन्नतिमा योगदान दिनको लागि सम्पूर्ण मगर विद्यार्थीलाई संगठित रूपमा सचेत एवं जागरूक पार्ने अभिप्रायले नेपाल मगर विद्यार्थी संघ स्थापना गरी सो संघको उद्देश्य, कार्यक्रम र कार्यदिशा यसै अनुरूप हुने गरी यो नेपाल मगर विद्यार्थी संघ विधान-२०५३ जारी गरिएको छ ।

# भाग १

१. **नाम** : यस संघको नाम नेपाल मगर विद्यार्थी संघ रहने छ । संक्षेपमा ने.म.वि.सं. र अंग्रेजीमा **NEPAL MAGAR STUDENT'S ASSOCIATON (NMSA)** भनिनेछ ।

२. **प्रारम्भ** : यो विधान नेपाल मगर विद्यार्थी संघको सम्पूर्ण सदस्यहरूमा लागू हुनेछ ।

३. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-

३.१ **मगर विद्यार्थी** : भन्नाले संघीय गणतन्त्र नेपाल र विश्वभर 'मगर' भनेर चिनिने जातिका विद्यार्थीहरूलाई जनाउनेछ ।
३.२ **'विधान'** भन्नाले नेपाल मगर मगर विद्यार्थी संघको विधान २०५३ लाई जनाउनेछ ।
३.३ **'संघ'** र 'संगठन' भन्नाले 'नेपाल मगर विद्यार्थी संघ' लाई जनाउनेछ ।
३.४ **'पदाधिकारी'** भन्नाले क्रमशः अध्यक्ष, वरिष्ठ-उपाध्यक्ष, खुल्ला उपाध्यक्ष, महिला उपाध्यक्ष, उपाध्यक्ष(भाषिक), महासचिव, सचिव, सह-सचिव र कोषाध्यक्षलाई जनाउनेछ ।
३.५ **'धारा'** भन्नाले यो विधानको धारालाई जनाउनेछ ।
३.६**'सदस्य'** भन्नाले यो विधानको धारा ६ (क) र (ख) अनुसारको योग्यता भई धारा ७ बमोजिमको शुल्क तिरी सदस्यता पत्र लिएको व्यक्तिलाई जनाउनेछ ।

४. **झण्डा** : सेतो रंगको खुल्ला पुस्तकमाथि कलम झण्डाको दाहिने तर्फको छेउमा रहने छ भने झण्डाको देब्रे पट्टीको माथिल्लो कुनामा आँसी समेतको खुर्पेटो रहनेछ । यी चिन्नहरू अंकित निलो पृष्ठभूमिको झण्डा नै यस संघको झण्डा हुनेछ । झण्डाको नमूना अनुसूची २ बमोजिम हुनेछ ।

# भाग २

५. **उद्देश्य र कार्यक्रम** :

**५.१** मगर विद्यार्थीहरूको विविध पक्षमा शोधमूलक अध्ययन अनुसन्धान गर्ने गराउने ।
**५.२** मगर विद्यार्थीहरूको हक, हित, अधिकार र प्रतिष्ठा प्राप्तिका लागि निरन्तर अगाडि बढ्ने ।
**५.३** मगर विद्यार्थीहरूको बौद्धिक, शारीरिक, नैतिक चेतना एवम् आत्माविश्वास बढाउनका लागि उनीहरूलाई सचेत, संगठित एवम् आत्माविश्वास बढाउनका लागि उनीहरूलाई सचेत, संगठित एवम् जागरूक बनाउन निरन्तर क्रियाशील रहने ।
**५.४** मगर भाषालाई ऐच्छिक विषयअर्न्तगत विद्यालयदेखि विश्वविद्यालयसम्म अध्ययन गर्न गराउन पाउने व्यवस्था गर्न सरकारलाई सुझाव तथा दवाव दिने ।
**५.५** मातृभाषामा दिइने आधारभुत शिक्षाको संवैधानिक व्यवस्थालाई सरकारी तवरबाटै व्यवस्था मिलाउन दबाब दिने ।
**५.६** मगर भाषामा पत्रपत्रिका तथा शोधमूलक पुस्तकहरू प्रकाशन गर्न मगर भाषाप्रज्ञा प्रतिष्ठानका निर्माण गर्ने गराउने ।
**५.७** मगर जातिको साँस्कृतिक पहिचानलाई संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।
**५.८** शैक्षिक, राजनीतिक, सामाजिक, प्रशासनिक र अन्य सार्वजनिक क्षेत्रमा देखापरेका जातिगत भेदभाव विरूद्ध आवाज उठाउने।
**५.९** मगर समाजमा देखापरेका विविध समस्याहरू प्रति उनीहरूलाई सचेत गराउन तालिम, प्रशिक्षण र गोष्ठीहरूको आयोजना गर्ने, गराउने ।
**५.१०** नेपालभित्र र नेपाल बाहिरका मगर विद्यार्थीहरूले पाउनुपर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय अधिकार र न्यायोचित सुविधाहरूको लागि चलाइएका कार्यक्रम एवम् अभियानलाई समर्थन गर्ने, गराउने ।
**५.११** माध्यमिक विद्यालयदेखि विश्वविद्यालयसम्म अध्ययनरत् मगर विद्यार्थीहरूलाई गोलबद्ध गराउन विभिन्न तहका विद्यार्थी समितिहरू बनाई संगठन निर्माण गर्ने ।
**५.१२** मगर विद्यार्थीहरूको हक, अधिकारको लागि बेलाबेलामा एकता प्रदर्शन गर्ने गराउने ।
**५.१३** संघसँग सम्बन्धित कार्यमूलक एवं उद्देश्यमूलक कार्यक्रमहरूको प्रचार- प्रसार गर्ने गराउने ।
**५.१४** नेपालभित्र तथा नेपाल बाहिरका मगर विद्यार्थीहरूको तथ्यांक र सूचना संकलन गर्ने गराउन गैर मगर समुदायलाई सचेत गराएर सामाजिक समानता, राष्ट्रियता एवम् जातिय कला, साहित्य र संस्कृतिको विकास, संरक्षण र सम्बर्द्धन गर्ने गराउने ।
**५.१५** सरकारी एवम् गैरसरकारी सञ्चार माध्यमहरूबाट मगर भाषा संस्कृतिको बारेमा ज्ञानमूलक कार्यक्रम प्रचार प्रसार गर्ने गराउने ।

**५.१६** नेपालका विभिन्न भागमा बोलिने मगर भाषाहरूमा देखा परेका भाषिक विविधतालाई समान रूपमा संरक्षण र विकास गर्दै मगर भाषालाई समृद्ध बनाउने ।

**५.१७** वैज्ञानिक, व्यवहारिक सर्वसुलभ, विभेदरहित र संघीय शिक्षाप्रणालीको पक्षमा दबाब र जागरणमूलक आन्दोलन सृजना गर्ने ।

**५.१८** विश्वको कुनै पनि भागमा हुने जातिभेद, रंगभेद, लिंगभेद र छुवाछुत विरूद्धको आन्दोलनलाई हार्दिक समर्थन गर्ने ।

**५.१९** मगर लगायत सम्पूर्ण भाषा विकासका लागि बहुभाषिक विश्वविद्यालय स्थापना गर्न पहल गर्दै सरकारलाई दबाब दिने ।

# भाग ३

**६. सदस्यता सम्बन्धी व्यवस्था :**

**६.१** सदस्यताको लागि आवश्यक योग्यता : देहाय क र ख बमोजिमको योग्यता भई यस संघको उद्देश्य, कार्यक्रम र विधानलाई निशर्त पालना गर्ने मगर विद्यार्थीलाई यस संघको सदस्यता प्रदान गर्न सकिने छ ।

(क) कुनै पनि शिक्षण संस्थामा नियमित रूपमा अध्ययरत ।

(ख) कुनै पनि माध्यमिक विद्यालय, क्याम्पस, प्राविधिक शिक्षालय वा विश्वविद्यालयको शैक्षिक तह बिति नसक्दासम्मको ।

**६.२** सदस्यता प्राप्ति : (क) यस संघको सदस्यता प्राप्त गर्नको लागि धारा ६ को उपधारा क र ख बमोजिमको योग्यता पुगेको कुनै पनि मगर विद्यार्थीहरूले सदस्यता वापत रू. ५०।- तिरी सदस्यता नविकरण गराउनु पर्नेछ ।

**६.३** सदस्यताको समाप्ति : (क) संघको उद्देश्यविपरित काम गरेको प्रमाणित भई सम्बन्धित समितिले निष्काशन गरेमा,
(ख) सदस्यता नविकरण नगरेमा, (ग) निजको मृत्यु भएमा । कुनै पनि सदस्यालाई सदस्यता खारेज गर्नुपर्दा निजको सदस्यता खारेज गर्नु अगाडि स्पष्टीकरण दिन मौकाबाट बञ्चित गरिने छैन ।

# भाग ४

**७. संघको स्वरूप र गठन प्रक्रिया :**

**७.१ संघको स्वरूप :** नेपाल मगर विद्यार्थी संघको सर्वोच्च नेतृत्वदायी अंग राष्ट्रिय महाधिवेशन हुनेछ । संगठनको संरचना पाँच (५) स्तरको हुनेछ । केन्द्रीय समिति सर्वोच्च कार्यकारी अंग रहनेछ । केन्द्रीय समितिको मातहतमा केन्द्रीय सचिवालय, केन्द्रीय विभागहरू र प्रदेश समिति, प्रदेश समितिको मातहतमा जिल्ला समिति/विश्वविद्यालय समिति, जिल्ला समितिको मातहतमा महानगर/उपमहानगर/नगर/गाउँ/ त्रि.वि. आंगिक तथा
सम्वन्धन प्राप्त क्याम्पस समिति र अन्य क्याम्पस तथा मा.वि. समिति रहनेछन् ।

क) केन्द्रीय समिति
ख) प्रदेश समिति
ग) जिल्ला समिति/विश्वविद्यालय समिति
घ) महानगर/ उपमहानगर/ नगर/ गाउँ/ त्रि.वि.का आंगिक क्याम्पस
ङ) सम्बन्धनप्राप्त क्याम्पस तथा मा.वि. समिति

**राज्य संरचना :**

**प्रदेश नं. १:**

१४ जिल्लाहरु- ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, झापा, मोरङ, सुनसरी, संखुवासभा, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सोलुखुम्बु भोजपुर

**मधेश प्रदेशः**

८ जिल्लाहरु- सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौटहट

**बागमती प्रदेशः**

१२ जिल्लाहरु- रामेछाप, दोलखा, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, मकवानपुर, चितवन, धादिङ, काठमाडौं, भक्तपुर र ललितपुर ।

**गण्डकी प्रदेश :**

११ जिल्लाहरु - कास्की, मनाङ, मुस्ताङ, गोरखा, पर्वत लमजुङ, नवलपुर, तनहुँ, स्याङ्जा, बागलङ र म्याग्दी ।

**लुम्विनी प्रदेश :**

१२ जिल्लाहरु- पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, रोल्पा, रूकुम ( पूर्व), रूपन्देही, प्युठान, कपिलवस्तु , बाँके, बर्दिया र दाङ

**कर्णाली प्रदेशः**
१० जिल्लाहरु- रूकुम (पश्चिम), सल्यान, डोल्पा, जुम्ला, सुर्खेत, जाजरकोट, मुगु, कालिकोट, हुम्ला र दैलेख ।

**सुदूर पश्चिम प्रदेश :**
९ जिल्लाहरु - दार्चुला, बैतडी, बझाङ, डोटी, अछाम, बाजुरा, डडेलधुरा, कञ्चनपुर र कैलाली ।

**संघले परिकल्पना गरिएको राज्यको संरचना :**
१. लिम्वुवान : ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा,
२. मैथिल मधेस : झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौटहट
३. किरात : संखुवासभा, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सोलुखुम्बु र भोजपुर
४. ताम्सालीङ : रामेछाप, दोलखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, रसुवा, मकवानपुर, चितवन र धादिङ
५. नेवाः काठमाडौं, भक्तपुर र ललितपुर
६. तमुवानः कास्की, मनाङ, मुस्ताङ, गोरखा, पर्वत र लमजुङ
७. मगराँतः पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, तनहुँ, स्याङ्जा, बाग्लुङ्ग, म्याग्दी, रोल्पा, रूकुम, सल्यान, प्युठान र डोल्पा
८. थरूहट : कन्चनपुर, कैलाली, बाँके, बर्दिया र दाङ
९. खसान : दार्चुला, बैतडी, बझाङ, डोटी, अछाम, बाजुरा, डडेलधुरा, सुर्खेत, जाजरकोट, जुम्ला, मुगु, कालिकोट, हुम्ला र दैलेख ।
१०. अवध भोजपुरा : रूपन्देही र कपिलबस्तु
**(स्पष्टीकरण : संगठनको गठन तथा काम कारवाही भने देशको नयाँ संघीय संरचना अनुसार भए पनि राज्य पुनसंरचना भने माथि उल्लेखित १० प्रदेश अनुसार हुनेछ ।)**

**७.२ केन्द्रीय समितिको गठन प्रक्रिया :**

(क) आयोजक, देशैभरीका प्रदेश, जिल्ला, विश्वविद्यालय, त्रि.वि.का आंगिक क्याम्पस समितिबाट प्रतिनिधीको रुपमा सहभागी प्रतिनिधीहरुबाट केन्द्रीय समितिको गठन गरिनेछ ।

(ख) अध्यक्ष-१, बरिष्ठ उपाध्यक्ष-१ खुल्ला उपाध्यक्ष-१, महिला उपाध्यक्ष-१, भाषिक उपाध्यक्ष-३ महासचिव-१, सचिव -३, महिला सचिव -१, कोषाध्यक्ष-१,र प्रदेशगत आधारमा प्रदेश नं. १ -३, मधेश प्रदेश -२, बागमती प्रदेश -७, गण्डकी प्रदेश -५, लुम्बिनी प्रदेश -६, कर्णाली प्रदेश -३, सुदुर पश्चिम प्रदेश-२, विश्वविद्यालय -१ र आंगिक क्याम्पस- १ गरी जम्मा ४३ सदस्यीय केन्द्रीय समितिको गठन गरिनेछ । (केन्द्रीय अध्यक्षद्वारा एक जना सदस्यलाई मनोनित गरिनेछ ।) (दुइ वा सो भन्दा बढी केन्द्रीय समिति सदस्यले प्रतिनिधित्व गर्ने प्रदेशबाट ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउनुपर्ने छ, साथै पूर्ण समानुपातिक समावेसी हुनुपर्नेछ ।) **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

(ग) केन्द्रीय समितिमा निम्न विभागहरू रहने छन् ।
१. शैक्षिक विभाग
२. अतिरिक्त क्रियाकलाप विभाग
३. भाषा संस्कृति विभाग
४. जनसम्पर्क तथा कार्यालय सञ्चालन विभाग
५. प्रशिक्षण विभाग
६. आर्थिक विभाग
७. संगठन बिभाग
८. तथ्याङ्क विभाग
९. स्ववियू समन्वय विभाग
१०. महिला विभाग
११. विदेश विभाग
१२. प्रचारप्रसार विभाग
१३. स्वास्थ्य विभाग
१४. अनुशासन तथा अनुगमन विभाग
१५. संचार विभाग

विभागको प्रमुख केन्द्रीय समितिको बैंठकबाट तोकिने छ भने प्रमुखले विभागीय सदस्यहरूको चयन गरी केन्द्रीय समितिबाट अनुमोदन गराउनुपर्ने छ ।

(घ) सचिवालयको गठन : केन्द्रीय समितिका पदाधिकारीहरू रहेको सचिवालय गठन गरिने छ। अन्य समितिहरूको हकमा समितिका सबै पदाधिकारीहरू आवश्यक सदस्यहरू रहेको सचिवालय गठन गर्न सकिनेछ।

(ङ) प्रदेश ईन्जार्जः सम्बन्धित प्रदेशका केन्द्रिय सदस्यहरुबाटै छनौट गरी केन्द्रीय समितिको पुर्ण बैंठकले प्रदेश ईन्चार्जको जिम्मेवारी तोकिनेछ। **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**७.३ प्रदेश समितिको गठन प्रक्रिया :**

क) प्रदेश भित्रका जिल्ला समिति, विश्वविद्यालय, महानगर/उपमहानगर/नगर/गाउँ पालिका समिति र त्रि.वि.का आंगिक क्याम्पस समितिका प्रतिनिधिहरुवाट प्रदेश समिति गठन गरिनेछ।

(ख) अध्यक्ष -१, उपाध्यक्ष -१, भाषिक उपाध्यक्ष (प्रदेश अनुकुल भाषाको आधारमा ३ भाषिक उपाध्यक्षसम राख्न सकिनेछ), महिला उपाध्यक्ष-१, सचिव -१, सह-सचिव -१, कोषाध्यक्ष -१ सहित बढीमा २५ सदस्यीय प्रदेश समिति गठन गरिनेछ। (दुई वा सो भन्दा बढी प्रदेश सदस्यले प्रतिनिधित्व गर्ने जिल्ला/ विश्वविद्यालय/ त्रि.वि.का आंगिक क्याम्पस/महानगर/ उपमहानगर/ नगर/ गाँउपालिकाबाट कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउनुपर्ने छ, साथै प्रत्येक जिल्लाबाट कम्तिमा एक जना/विश्वविद्यालयबाट एक जना/ सदस्य पर्ने गरी नयाँ समिति चयन गर्नेछ।) **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**७.४ जिल्ला समितिको गठन प्रक्रिया :**

क) जिल्लाको जिल्लाभरिका जिल्ला समिति, महानगर/उपमहानगर/नगर/गाँउपालिका, आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस, प्राविधिक तथा अन्य मावि समितिका प्रतिनिधिहरुवाट जिल्ला समिति गठन गरिनेछ।

ख) अध्यक्ष -१, उपाध्यक्ष -१, सचिव -१, सह-सचिव -१, कोषाध्यक्ष -१ सहित बढीमा २१ सदस्यीय जिल्ला समिति कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुने गरी गठन गरिनेछ।

**७.५ विश्वविद्यालयको गठन प्रक्रिया :**

क) कुनै पनि विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरु प्रतिनिधी भएको अधिवेशनले एक विश्वविद्यालय समिति गठन गर्ने छ।

(ख) अध्यक्ष -१, उपाध्यक्ष-१, सचिव -१, सहसचिव-१, कोषाध्यक्ष-१ सहित बढीमा १९ जनासम्मको विश्वविद्यालय समिति कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुने गरी गठन गरिनेछ।

**७.६ महानगर/ उपमहानगर/ नगर/ गाउँ/ त्रि.वि.का आंगिक क्याम्पस/क्याम्पस /मा.वि. समितिको गठन प्रक्रियाः**

(क) महानगर/ उपमहानगर / नगर/ गाउँ समितिबाट प्रतिनिधीको रुपमा सहभागी र त्रि.वि.का आंगिक क्याम्पस तथा अन्य क्याम्पसमा अध्ययनरत मगर विद्यार्थीहरुबाट महानगर/उपमहानग/नगर/गाउँ समितिको गठन गरिनेछ।

(ख)अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ सहित बढीमा १५ जनासम्मको महानगर/उपमहानगर/नगर/गाउँ/ त्रि.वि.का आंगिक क्याम्पस/क्याम्पस/मा.वि. कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुने गरी गठन गरिनेछ।

**७.७ उम्मेदवारको योग्यता :**

(क) राष्ट्रिय महाधिवेशनमा उमेद्वार बन्न : राष्ट्रिय महाधिवेशनमा प्रतिनिधिहरूको रूपमा सहभागी बहालवाला केन्द्रीय समिति पदाधिकारी तथा सदस्यहरू, प्रदेश समितिको पदाधिकारी तथा सदस्यहरू, जिल्ला समिति/ विश्वविद्यालय समिति, आंगिक क्याम्पसबाट बिधानतः सहभागी हुने प्रतिनिधी उम्मेदवार हुन पाउनेछन्। तर केन्द्रीय समितिको अध्यक्षको उमेद्वार बन्न कम्तीमा एक कार्यकाल पदाधिकारी भै कार्यकाल पुरा गरेको हुनुपर्नेछ। अन्य पदाधिकारीको उमेद्वार बन्न कम्तीमा एक कार्यकाल केन्द्रीय सदस्य वा प्रदेश समितिका अध्यक्ष भई कार्यकाल पुरा गरेको हुनुपर्नेछ। **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

(ख) प्रदेश समितिको उमेद्वार बन्न : प्रदेश समितिको अधिवेशनमा प्रतिनिधीहरूको रूपमा सहभागी बहालवाला प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, जिल्ला समिति/ विश्वविद्यालय समितिका पदाधिकारी तथा सदस्यहरू, महानगर/ उपमहानगर समितिका पदाधिकारीहरू रहनेछन्। तर प्रदेश समितिको अध्यक्षको उमेद्वार बन्न कम्तीमा एक कार्यकाल पदाधिकारी भई कार्य गरेको हुनुपर्नेछ।

(ग) जिल्ला अधिवेशनमा उम्मेदवार बन्न : जिल्ला समितिको अधिवेशनमा प्रतिनिधीहरूको रूपमा सहभागी बहालवाला जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू, त्रि.वि. आंगिक क्याम्पस/क्याम्पस/महानगर/ उपमहानगर समितिका पदाधिकारी तथा सदस्यहरू/क्याम्पस तथा मा.वि./ नगर/गाउँपालिका समितिका पदाधिकारी तथा सदस्यहरू रहनेछन्। तर जिल्ला समितिको अध्यक्षको उमेद्वार बन्न कम्तीमा एक कार्यकाल जिल्ला समितिमा रही कार्य गरेको हुनुपर्नेछ।

(घ) विश्वविद्यालय अधिवेशनमा उम्मेदवार बन्न :

विश्वविद्यालयमा अध्ययन गर्ने संगठनको सदस्यता लिएका मगर विद्यार्थीहरू र विश्वविद्यालय समितिका पदाधिकारी तथा सदस्यहरू।

(ङ) उच्च मावि, प्राविधिक शिक्षालय तथा क्याम्पस अधिवेशनमा उम्मेदवार बन्न : उच्च मावि, प्राविधिक शिक्षालय तथा क्याम्पसमा अध्ययनरत् मगर विद्यार्थी संघको सदस्यता लिएका विद्यार्थीहरू र उच्चमावि, प्राविधिक शिक्षालय तथा क्याम्पस समितिका पदाधिकारी तथा सदस्यहरू ।

च)महानगर/उपमहानगर/नगर/गाउँपालिका समितिको उमेद्वार बन्न :
महानगर/उपमहानगर/नगर/गाउँपालिका समितिको अधिवेशनमा प्रतिनिधीहरूको रूपमा सहभागी बहालवाला महानगर/उपमहानगर/नगर/गाउँपालिका समितिको पदाधिकारी तथा सदस्यहरू, त्रि.वि. आंगिक समितिका पदाधिकारी तथा सदस्यहरू/क्याम्पस तथा मा.वि. समितिका पदाधिकारीहरू रहनेछन् । तर महानगर/उपमहानगर/नगर/गाउँपालिका समितिको अध्यक्षको उमेद्वार बन्न कम्तीमा एक कार्यकाल सदस्य भै कार्य गरेको हुनुपर्नेछ ।

**७.८ बन्देज :**

(क) राष्ट्रिय महाधिवेशनमा भाग लिन गएका एक प्रदेशका प्रतिनिधीहरूले केन्द्रीय समितिका पदाधिकारी बाहेक अन्य पदका लागि आफ्नो प्रदेश बाहेक अन्य प्रदेशबाट उमेद्वार बन्न र अन्य प्रदेशका उमेद्वारहरूलाई मतदान गर्न पाइने छैन ।

(ख) प्रदेश अधिवेशनमा भाग लिन गएका एक जिल्लाका प्रतिनिधीहरूले प्रदेश समितिका पदाधिकारी बाहेक अन्य पदका लागि आफ्नो जिल्ला बाहेक अन्य जिल्लाबाट उमेद्वार बन्न र अन्य जिल्लाका उमेद्वारहरूलाई मतदान गर्न पाइने छैन ।

# भाग ५

## ८. महाधिवेशन, राष्ट्रिय विस्तारीत भेला, अधिवेशन तथा बैठकको व्यवस्था :

(क) केन्द्रीय समितिको आयोजनामा संघको राष्ट्रिय महाधिवेशन २/२ वर्षमा एक पटक हुनेछ ।

(ख) प्रत्येक एक वर्षमा राष्ट्रिय विस्तारित भेला हुनेछ । तर राष्ट्रिय महाधिवेशन भएको वर्ष राष्ट्रिय विस्तारित भेला हुने छैन । राष्ट्रिय विस्तारित भेलाले वितेको एक वर्षको समीक्षा र आगामी महाधिवेशनको स्थान समेत तय गर्नेछ । भने महाधिवेशनले नीति तथा कार्यक्रम र आगामी दुई वर्षको लागि नेतृत्व पनि चयन गर्नेछ ।

(ग) प्रदेश समितिको आयोजनामा प्रत्येक २/२ वर्षमा एक पटक अधिवेशन गर्ने छ । प्रदेश अधिवेशनले नीति, कार्यक्रम तर्जुमाका साथै नयाँ कार्यसमिति चयन गर्नेछ । र प्रत्येक १/१ वर्षमा प्रदेश समितिको आयोजनामा प्रदेश भेला गरी एक वर्षको समिक्षा र आगामी अधिवेशनको स्थान समेत तय गर्नेछ ।

(घ) जिल्ला समिति, विश्व विद्यालय समिति, महानगर/उपमहानगर, गाउँ/नगर समिति, क्याम्पस तथा मावि समिति, प्राविधिक शिक्षालय र माध्यमिक विद्यालय समितिले प्रत्येक वर्षमा अधिवेशन गरी नीति, कार्यक्रम तर्जुमाका साथै नयाँ समिति चयन गर्नेछ ।

**८.१ प्रतिनिधि/पर्यवेक्षकको व्यवस्था :**

**महाधिवेशनका लागि प्रतिनिधि :**

(क) केन्द्रीय समिति -सबै

(ख) प्रदेश समितिको सिफारिसमा मगर जनघनत्वका आधारमा प्रतिनिधि सहभागी हुनेछन् । जसअनुसार प्रदेश नं. १ -६, मधेश प्रदेश -५, बागमती प्रदेश -८, गण्डकी प्रदेश -७, लुम्बिनी प्रदेश -७, कर्णाली प्रदेश -६, सुदुर पश्चिम प्रदेश-६ जना रहनेछ । ( ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य हुनुपर्नेछ ।) **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित गरिएको)**

(ग) जिल्ला समितिको सिफारिसमा ३/३ जना (१ जना महिला अनिवार्य)

(घ) विश्वविद्यालय समितिको सिफारिसमा ३/३ जना (एक जना महिला अनिवार्य)

(ङ) त्रि.वि.का आंगिक क्याम्पस समितिको सिफारिसमा २/२ जना (एक महिला अनिवार्य) (राष्ट्रिय महाधिवेशनमा भाग लिन जिल्ला तथा क्याम्पसको पदाधिकारी वा समितिमा हुनु पर्ने छ । पर्यवेक्षकहरूको बारेमा केन्द्रीय सचिवालयले तोक्नेछ ।)
**(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**८.२ राष्ट्रिय विस्तारित भेलाको लागि प्रतिनिधि :**

(क) केन्द्रीय समिति - सबै

(ख) प्रदेश समितिको सिफारिसमा मगर जनघनत्वका आधारमा प्रतिनिधि सहभागी हुनेछन् । जसअनुसार प्रदेश नं. १ -६, मधेश प्रदेश -५, बागमती प्रदेश -८, गण्डकी प्रदेश -७, लुम्बिनी प्रदेश -७, कर्णाली प्रदेश -६, सुदुर पश्चिम प्रदेश-६ जना रहनेछ । ( ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य हुनुपर्नेछ ।) **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित गरिएको)**

ग) जिल्ला समिति/ विश्वविद्यालय समितिको सिफारिसमा ३/३ जना - (एक जना महिला अनिवार्य)

घ) त्रि.वि.का आंगिक क्याम्पस समितिको सिफारिसमा २/२ जना (एक महिला अनिवार्य)
**(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**८.३ प्रदेश अधिवेशनका लागि प्रतिनिधि :**

(क) प्रदेश समिति - सबै

(ख) प्रत्येक जिल्ला समितिको सिफारिसमा ५/५ जना (दुई जना महिला अनिवार्य)

(ग) महानगर समितिको सिफारिसमा ५/५ जना (दुई जना महिला अनिवार्य)
(घ) उप-महानगर समितिको सिफारिसमा ३/३ जना (एक जना महिला अनिवार्य)
(ङ) विश्वविद्यालय समितिको सिफारिसमा ३/३ जना (एक जना महिला अनिवार्य)
(च) नगर/गाँउपालिका समितिको सिफारिसमा २/२ जना (एक जना महिला
(छ) त्रि.वि.का आंगिक क्याम्पस समितिको सिफारिसमा २/२ जना (एक जना महिला अनिवार्य)

**८.४ जिल्ला अधिवेशनको लागि प्रतिनिधि :**

(क) जिल्ला समिति - सबै
(ख) महानगर समितिको सिफारिसमा ५/५ जना (दुई जना महिला अनिवार्य)
(ग) उपमहानगर समितिको सिफारिसमा ४/४ जना (दुई जना महिला अनिवार्य)
(घ) गाउँ/नगरपालिका समितिबाट - ३/३ जना (एक जना महिला अनिवार्य)
(ङ) त्रि.वि. आंगिक क्याम्पस समितिको सिफारिसमा ३/३ जना (एक जना महिला अनिवार्य)
(च) सम्बन्धन प्राप्त क्याम्पस समितिको सिफारिसमा २/२ जना (एक जना महिला अनिवार्य)
(छ) मा.वि. समितिको सिफारीसमा १/१ जना

**८.५ विश्वविद्यालय अधिवेशनका लागि प्रतिनिधि :**

(क) विश्वविद्यालयमा अध्ययनरत नेपाल मगर विद्यार्थी संघका सदस्यता प्राप्त सम्पूर्ण विद्यार्थीहरू ।

(ख) सम्बन्धित विश्वविद्यालय समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

**८.६ महानगर/उपमहानगर/गाउँ/नगरपालिका समितिको अधिवेशनका लागि प्रतिनिधि** :
(क) महानगर/उपमहानगर/ गाउँ/नगरपालिका समिति - सबै (ख) सबै विश्वविद्यालयका आंगिक क्याम्पस समितिको सिफारिसमा ७/७ जना (तिन जना महिला अनिवार्य)
(ग) सम्वधनप्राप्त क्याम्पस तथा मावि समितिबाट - ५/५ जना (दुई जना महिला अनिवार्य)

**८.७ क्याम्पस समिति र उच्च मावि समितिका अधिवेशनका लागि प्रतिनिधि :**
(क) सम्बन्धित क्याम्पस समितिका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरू ।
(ख) सम्बन्धित उच्च मावि तथा क्याम्पसमा अध्ययनरत नेपाल मगर विद्यार्थी संघको साधारण सदस्यता प्राप्त सम्पूर्ण मगर विद्यार्थीहरू । **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**८.८ मावि समितिका अधिवेशनका लागि प्रतिनिधि :**
(क) माविमा अध्ययनरत् सदस्यता प्राप्त सम्पूर्ण मगर विद्यार्थीहरू ।
(ख) सम्बन्धित समितिका पदाधिकारी तथा सदस्यहरू ।

**८.९ बैठक बस्नुपर्ने व्यवस्था :**
(क) केन्द्रीय समितिको बैठक ४/४ महिनामा, प्रदेश समितिको २/२ महिनामा, जिल्ला समितिको १/१ महिनामा, गाउँ/नगर समितिको १/१ महिनामा, विश्वविद्यालय समितिको १/१ महिनामा, मा.वि/क्याम्पस/प्राविधिक शिक्षालय समिति तथा मावि समितिको १/१ महिनामा बस्नेछ ।
(ख) खास परिस्थितीमा सम्बन्धित समितिको महासचिव/सचिवले अध्यक्षको परामर्श लिई जुनसुकै बेलामा पनि बैठक बोलाउन सक्ने छ । केन्द्रीय समितिको हकमा भने सचिवले गर्ने उक्त काम महासचिवले गर्ने छ ।

**८.९ गणपुरक संख्या :** कुनै पनि स्तरको समितिको बैठकमा सो कार्यसमितिको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठक बस्ने गणपुरक संख्या पुगेको मानिने छ । गणपुरक संख्याको अभावमा बैठक स्थगित भएमा दोस्रो पटक ३३ प्रतिशत उपस्थिति संख्यालाई गणपुरक संख्या मानिने छ । कुनै पनि समितिको पदाधिकारी तथा सदस्यहरुको लिखित निवेदनलाई पनि गणपुरक संख्यामा गणना गरिनेछ ।

# भाग : ६

**९. काम, कर्तव्य, अधिकार र अनुशासन :**

**९.१** संघको हरेक स्तरको समितिको मूल्यांकन सम्बन्धित समितिको अधिवेशन, भेला वा महाधिवेशनले गरेको प्रस्ताव वा प्रतिवेदनहरु पारित गर्नेछ ।

**९.२** सर्वोच्च कार्यकारी अङ्गका रुपमा रहेको केन्द्रीय समिति (संघीय) ले राष्ट्रिय महाधिवेशनले अघि सारेको आगामी कार्यक्रम, उद्देश्य र कार्यदिशाअनुरुप सिंगो संगठनलाई परिचालन गर्ने छ ।

९.३ समिति संचालनको संगठनात्मक सिद्धान्त अनुसार व्यक्ति संगठनको अधिनस्त, तल्लो समिति माथिल्लो समितिको अधिनस्त र सबै सदस्य तथा समितिहरु केन्द्रीय समितिको अधिनस्त हुनेछन् । उपरोक्त संगठनात्मक प्रकृया वा पद्धतिलाई हरेक समिति र संघको सदस्यहरुले निःशर्त पालना गर्नुपर्नेछ ।

९.४ संगठनात्मक पद्दतिअनुसार, नियमहरु तथा समितिले तय गरेका नियम र निर्णय बमोजिमको आचरण नगरेमा व्यक्तिको हकमा सम्बन्धित समितिले र समितिको हकमा सो भन्दा माथिल्लो समितिले कारवाही गर्न सक्नेछ ।

९.५ आफ्नो मातहतका समितिले संगठनात्मक अनुशासनलाई उद्देश्यमूलक ढंगबाट उल्लंघन गरेको वा निस्कृय रहेको पाइएमा त्यस्तो समिति वा सदस्यलाई माथिल्लो समितिले सचेत गराउनु आलोचना, निलम्वन, निस्कासन र विघटन गर्न सक्नेछ । विघटित, निस्कासित र निलम्बित समिति वा सदस्यले आफूलाई कार्यवाही गर्ने समिति भन्दा माथिल्लो समितिमा अपील गर्न सक्नेछ ।

९.६ कुनै पनि स्तरको समितिको कुनै पनि पदाधिकारीहरु वा सदस्यहरु सम्बन्धित समितिको बैठकमा बिना सूचना लगातार ३ (तीन) पटकसम्म अनुपस्थित रहेमा निजलाई सम्बन्धित समितिले निलम्वन तथा निष्काशन गर्न सक्नेछ । तर समितिको पदाधिकारी वा सदस्यलाई कुनै पनि अभियोग लगाई कारवाही गर्नुभन्दा अगाडि निजलाई लागेको अभियोगका सम्बन्धमा सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

९.७ **राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार :** राष्ट्रिय महाधिवेशन संघका सर्वोच्च नेतृत्वदायी अङ्ग हुनेछ । महाधिवेशनले निम्न कार्य गर्नेछ ।

(क) केन्द्रीय समितिको तर्फबाट प्रस्तुत सांगठनिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, विधान संशोधन, घोषणापत्र, नीति कार्यक्रम माथि छलफल गरी पारीत गर्ने ।

(ख) केन्द्रीय समिति निर्वाचित गर्ने ।

९.८ **राष्ट्रिय विस्तारित भेलाको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रिय समितिको तर्फबाट प्रस्तुत सांगठनिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, घोषणापत्र, नीतिकार्यक्रम माथि छलफल गरी पारीत गर्ने । (ख) आगामी एक वर्षको लागि नीति, तथा कार्यक्रम बनाउने र आगामी महाधिवेशनको कुन स्थान तय गर्ने ।

९.९ केन्द्रीय समितिको बैठकले एकजना प्रवक्ताको व्यवस्था गर्नेछ । (११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)

९.१० **केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :**केन्द्रीय समिति संघको सर्वोच्च कार्यकारी अङ्ग हुनेछ ।

(क) केन्द्रीय समितिले महाधिवेशनले पारित गरेको नीति, कार्यक्रम, उद्देश्य र कार्यदिशा अनुरुप सिंगो संघलाई परिचालन गर्ने ।

(ख) प्रदेश समिति इन्चार्ज तथा विभागीय प्रमुखको छनोट गर्ने ।

(ग) आवश्यकता अनुसार आयोग, कार्यदल, समिति, उपसमिति गठन गर्ने तथा कार्यालय सचिवको व्यवस्था गर्ने ।

(घ) संघको आवश्यकता अनुसार केन्द्रीय समितिको सदस्यहरुको कार्य विभाजन गर्ने ।

(ङ) केन्द्रीय सल्लाहाकार समितिको गठन गर्ने ।

९.११ **केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रीय समितिको बैठक, सभा, भेला एवम् महाधिवेशनको अध्यक्षता गर्ने ।

(ख) समितिको कामको रेखदेख निर्देशन र निरीक्षण गर्ने । (ग) समितिमा मत बराबर भएमा निर्णायक मत दिने । (घ) संघको उद्देश्य पूर्तिको लागि पछि अनुमोदन गराउने गरी एक पटकमा बढीमा १०,०००।-सम्म खर्च गर्ने ।

(ङ) संघको नेतृत्व गर्ने ।

(च) संघको प्रमुख प्रवक्ताको रुपमा काम गर्ने ।

९.१२ **केन्द्रीय वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको काममा सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

९.१३ **केन्द्रीय भाषिक उपाध्यक्षका काम, कर्तव्य र अधिकार :** भाषिक उपाध्यक्षले देशभरीका मगर विद्यार्थीहरुसँग समन्वय गरी मगर जातिको भाषाको विकास तथा सम्बर्द्धन गर्ने र अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षको अनुस्थितिमा उनीहरुले गर्ने सम्पूर्ण काम गर्ने ।

९.१४ **केन्द्रीय महिला उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** मगर महिला विद्यार्थीहरुलाई सचेत र जागरुक बनाउँदै मगर महिला विद्यार्थीहरुको हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउन पहल गर्ने, मगर जातिको मुक्तिका लागि मगर महिला सशक्तिकरणका कार्यक्रमहरु केन्द्रीय समितिको मातहतमा रही सञ्चालन गर्ने तथा बरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा उनको सम्पूर्ण कार्य गर्ने ।

९.१५ **महासचिवको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको परामर्श लिई वैठकको लागि प्रतिवेदन र कार्यक्रम तयार गर्ने तथा वैठक बोलाउने

(ख) समितिको कार्य सञ्चालन गर्ने ।

(ग) समितिको कागजातको संरक्षण, सम्बर्द्धन र संकलन गर्ने । (घ) विभागीय कामको बीचको समन्वय गर्ने ।

(ङ) संघको उद्देश्य पूर्तिको लागि पछि अनुमोदन गराउने गरी एकपटकमा बढीमा ५०००।- सम्म खर्च गर्ने ।

(च) कार्यालय सम्बन्धि सम्पूर्ण कामको रेखदेख गर्ने ।

**९.१६ केन्द्रीय सचिवको काम, कर्तव्य र अधिकार :**

(क) महासचिवलाई सघाउने ।

(ख) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण काम गर्ने ।

**९.१७ विभागीय सचिवको काम, कर्तव्य र अधिकार :** (क) महासचिवलाई सघाउने ।

(ख) महासचिव र सचिवको अनुपस्थितिमा उनीहरुले गर्ने सम्पूर्ण काम गर्ने र आफ्नो विभागको सबै काम गर्ने ।

**९.१८ केन्द्रीय कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिको आम्दानी खर्चको फाँटवारी दुरुस्त राख्ने तथा सम्पत्तिको अभिलेख राख्ने ।

(ख) समितिको परामर्श बमोजिम वार्षिक बजेट तयार पारी राष्ट्रिय महाधिवेशन तथा बिस्तारित भेलामा पेश गरी पारित गराउने ।

(ग) संगठनलाई आर्थिक रुपले सवल तुल्याउन विभिन्न आर्थिक योजना तथा कार्यक्रमहरु तयार पारी आर्थिक नेतृत्व गर्ने ।

(घ) संघको आर्थिक नियमावली तयार गर्ने ।

(ङ) मातहतको समितिहरुको नियमानुसार लेखा परिक्षण गर्ने गराउने ।

(च) संगठनको लागि भएको खर्च बैठकमा अनुमोदन गराउने ।

**९.१९ केन्द्रीय सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(क) आफ्नो प्रदेश भित्रको कामलाई अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(ख) संगठनको नीति निर्णयहरुलाई कार्यान्वयन गर्न गराउन आफ्नो प्रदेश भित्र लागि पर्ने, निर्देशन र समन्वय गर्ने । (ग) आफ्नो प्रदेशभित्रका प्रदेशसमिति, जिल्ला समिति तथा क्याम्पस एवं उच्च मावि तथा मावि समितिक/महानगर,उपमहानगर,नगर,गाँउपालिका समितिका सदस्यहरु र सिंगो संगठनको कामको मूल्यांकन रिर्पोट हरेक ४ महिनामा बस्ने केन्द्रीय समितिको बैठकमार्फत केन्द्रीय समितिमा र केन्द्रीय सचिवालयमा अनिवार्यरुपले बुझाउनु पर्ने ।

**९.२० प्रदेश ईन्चार्जहरुको काम, कतर्व्य र अधिकार :**

(क) आफ्नो प्रदेश भित्रको कामलाई अघि बढाउन समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ख) संगठनको नीति निर्णयहरुलाई कार्यान्वयन गर्न गराउन आफ्नो राज्यभित्र लागि पर्ने, निर्देशन र समन्वय गर्ने ।

(ग) आफ्नो राज्यभित्रका प्रदेशसमिति, जिल्ला समिति तथा क्याम्पस एवं उच्च मा.वि. तथा मावि समिति, महानगर,उपमहानगर,नगर,गाँउपालिका समितिका सदस्यहरु र सिंगो संगठनको कामको मूल्यांकन रिपोर्ट हरेक ४ महिनामा बस्ने केन्द्रीय समितिको वैठकमार्फत केन्द्रीय समितिमा र केन्द्रीय सचिवालयमा अनिवार्य रुपले बुझाउनु पर्ने ।

**९.२१ विभागीय प्रमुखहरुको काम, कर्तव्य र अधिकार :**

(क) आफ्नो विभागको नेतृत्व गर्ने ।

(ख) आ-आफ्नो विभागको कार्ययोजना तयार पारी सचिवालयमा वा केन्द्रीय समितिको बैठकमा पेस गर्ने ।

(ग) विभाग गठन गर्नको लागि नाम सिफारिस गर्ने ।

(घ) विभागमा बैठक नियमित बोलाउने ।

(ङ) बनाइएका योजनाहरुलाई कार्यान्वयन गर्न नेतृत्व प्रदान गर्ने ।

(च) विभागका सदस्यहरुको मूल्यांकन रिपोर्ट तयार गरी हरेक ४ महिनामा केन्द्रीय समितिको बैठकमा वा अध्यक्ष र महासचिवसमक्ष पेश गर्ने ।

**९.२२ प्रदेश समितिको काम, कर्तव्य र अधिकार :**

क) केन्द्रीय समितिको महाधिवेशनले पारित गरेका नीति, कार्यक्रम, उद्देश्य र कार्यदिशा अनुरूप सिङ्गो प्रदेश समितिलाई परिचालन गर्ने । ख) जिल्ला ईन्चार्ज, विश्व विद्यालय ईन्चार्ज तथा विभागीय प्रमुखको छनोट गर्ने ।

ग) आवश्यकता अनुसार आयोग, कार्यदल, समिति, उपसमिति गठन गर्ने तथा कार्यलय सचिवको ब्यवस्था गर्ने ।

घ) प्रदेश समितिको आवश्यकता अनुशार समितिको सदस्यहरूको कार्य विभाजन गर्ने ।

ङ) सल्लाहकार समितिको गठन गर्ने ।

**९.२३ प्रदेश समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) बैठक तथा अधिवेशनको अध्यक्षता गर्ने ।

(ख) समितिको कामको रेखदेख, निर्देशन र निरीक्षण गर्ने ।

(ग) संगठन विस्तारको लागि मातहतका समितिलाई निर्देशन र कार्यान्वयन गर्ने गराउने ।

(घ) केन्द्रीय समितिबाट प्राप्त परिपत्रहरु (सर्कुलर) लाई कार्यान्वयन गर्ने तथा मातहतका समितिबाट गराउने ।

(ङ) मातहतका समितिहरुलाई समन्वय गर्ने, गराउने ।

(च) संघको उद्देश्य पुर्तिका लागि पछि अनुमोदन गराउने गरी एक पटकमा अध्यक्षले बढीमा ३,०००।- सम्म खर्च गर्नसक्ने ।

**९.२४ प्रदेश उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको काममा सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुस्थितिमा उपाध्यक्षले नै सम्पूर्ण काम गर्ने ।

**९.२५ प्रदेश समितिको सचिवको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको परामर्श लिई बैठकका लागि प्रतिवेदन र कार्यक्रम तयार गर्ने तथा बैठक बोलाउने ।

(ख) समितिको कार्य सञ्चालन गर्ने ।

(ग) समितिको कागजातको संरक्षण, सम्बर्द्धन र संकलन गर्ने ।

(घ) समितिभित्र रहेको विभागका काममा समन्वय गर्ने ।

(ङ) संघको उद्देश्य पूर्तिको लागि पछि अनुमोदन गराउने गरी एक पटकमा बढीमा २,०००।- सम्म खर्च गर्नसक्ने ।

(च) कार्यालय सम्बन्धि सम्पूर्ण कामको रेखदेख गर्ने ।

**९.२६ प्रदेश सह-सचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवलाई सघाउने ।

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण काम गर्ने ।

**९.२७ प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिको आम्दानी खर्चको फाँटवारी दुरुस्त राख्ने तथा सम्पत्तिको अभिलेख राख्ने ।

(ख) समितिको परामर्श बमोजिम वार्षिक बजेट तयार अधिवेशनमा पेश गरी पारित गराउने ।

(ग) संगठनलाई आर्थिक रुपले सवल तुल्याउन विभिन्न आर्थिक योजना तथा कार्यक्रमहरु तयार पारी आर्थिक नेतृत्व गर्ने ।

(घ) मातहतका समितिहरुबीच समन्वय गर्ने, गराउने । (ङ) आगामी बैठकमा अनुमोदन गर्ने गरी समितिको प्रयोजनको लागि बढीमा रु १५००।-सम्म खर्च गर्ने ।

**९.२८ जिल्ला ईन्चार्ज/विश्व विद्यालय ईन्चार्जको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश समितिको बैठकले गरेका निर्णयहरूलाई आफ्नो जिल्ला / विश्व विद्यालयमा कार्यन्वयन गर्न नेतृत्वदायी भुमिका खेल्ने ।

(ख) प्रत्येक १/१ महिनामा बस्ने जिल्ला समिति/ विश्व विद्यालय समितिको बैठकमा सहभागि हुने । प्रदेश समितिले जारी गरेका परिपत्रहरूको बारेमा जानकारी दिने ।

(ग) प्रदेश समितिको बैठकमा आफ्नो जिल्ला तथा विश्व विद्यालय समितिले गरेका कामको मुल्याङ्कन सहितको प्रतिवेदन पेश गर्ने ।

**९.२९ जिल्ला /विश्वविद्यालय समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) बैठक तथा अधिवेशनको अध्यक्षता गर्ने ।

(ख) संगठन विस्तारको लागि मातहतका समितिहरुलाई निर्देश र कार्यान्वयन गर्ने गराउने ।

(ग) केन्द्रीय समितिबाट प्राप्त परिपत्रहरु (सर्कुलर) लाई कार्यान्वयन गर्ने तथा मातहतका समितिबाट गराउने ।

(घ) मातहतका समितिहरुबीच समन्वय गर्ने, गराउने ।

(ङ) आगामी बैंठकमा अनुमोदन गर्ने गरी समितिको प्रयोजनको लागि बढीमा रु.१,५००।- सम्म खर्च गर्ने ।

**९.३० जिल्ला/विश्वविद्यालय समितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको काममा सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

**९.३१ जिल्ला/ विश्वविद्यालय समितिको सचिवको काम, कर्तव्य र अधिकार :**

(क) समितिको कागजातको संरक्षण गर्ने ।

(ख) अभिलेख र प्रतिवेदनको सुरक्षा एवम् व्यवस्थित गर्ने ।

(ग) अध्यक्षको परामर्श लिई बैठक बोलाउने ।

(घ) कार्यालयसम्बन्धि सम्पूर्ण काम गर्ने ।

(ङ) आगामी बैठकमा अनुमोदन हुने गरी समितिको कामको प्रयोजनमा बढीमा रु. १०००।- सम्म खर्च गर्ने ।

**९.३२ जिल्ला/विश्वविद्यालय समितिको सहसचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवलाई सघाउने ।

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।

**९.३३ जिल्ला/विश्वविद्यालय समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिको कोषको सुरक्षा गर्ने एवम् सम्पत्तिको अभिलेख राख्ने ।

(ख) आर्थिक काम कार्वाही नियमित गर्ने ।

(ग) समितिको आयव्ययको हिसाव किताव दुरुस्त राख्ने ।
(घ) आम्दानी खर्चको फाँटवारी दुरुस्त राख्ने ।
(ङ) समितिको परामर्श बमोजिम वार्षिक बजेट तयार गरी अधिवेशनमा पेश गरी पारित गराउने ।
(च) समितिलाई आर्थिक रुपले सवल र सक्षम राख्ने ।

**९.३४ महानगर/ उपमहानगर/नगर/ गाउँपालिका समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) बैठक तथा अधिवेशनको अध्यक्षता गर्ने ।
(ख) संगठन विस्तारको लागि मातहतका समितिहरूलाई निर्देश र कार्यान्वयन गर्ने गराउने ।
(ग) जिल्ला समिति बाट प्राप्त परिपत्रहरू (सर्कुलर) लाई कार्यान्वयन गर्ने तथा मातहतका समितिबाट गराउने ।
(घ) मातहतका समितिहरूबीच समन्वय गर्ने, गराउने । (ङ) आगामी बैठकमा अनुमोदन गर्ने गरी समितिको प्रयोजनको लागि बढीमा रू.१,५००।- सम्म खर्च गर्ने ।

**९.३५ महानगर/ उपमहानगर/नगर/गाउँसमितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको काममा सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

**९.३६ महानगर/उपमहानगर/नगर/गाउँपालिका समितिको सचिवको काम, कर्तव्य र अधिकार :**

(क) समितिको कागजातको संरक्षण गर्ने,
(ख) अभिलेख र प्रतिवेदनको सुरक्षा एवम् व्यवस्थित गर्ने । (ग) अध्यक्षको परामर्श लिई बैठक बोलाउने ।
(घ) कार्यालय सम्बन्धि सम्पूर्ण काम गर्ने ।
(ङ) आगामी बैठकमा अनुमोदन हुने गरी समितिको कामको प्रयोजनमा बढीमा रू. १०००।- सम्म खर्च गर्ने ।

**९.३७ महानगर/उपमहानगर /नगर/ गाउँपालिका समितिको सह सचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवलाई सघाउने ।
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।

**९.३८ महानगर/उपमहानगर/नगर/गाउँ समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** :

(क) समितिको कोषको सुरक्षा गर्ने एवम् सम्पत्तिको अभिलेख राख्ने ।
(ख) आर्थिक काम कार्वाही नियमित गर्ने ।
(ग) समितिको आयव्ययको हिसाव किताव दुरूस्त राख्ने ।
(घ) आम्दानी खर्चको फाँटवारी दुरूस्त राख्ने ।
(ङ) समितिको परामर्श बमोजिम वार्षिक बजेट तयार गरी अधिवेशनमा पेश गरी पारित गराउने ।
(च) समितिलाई आर्थिक रूपले सवल र सक्षम राख्ने ।

**९.३९ मा.वि/ प्राविधिक शिक्षालय र क्याम्पस समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) सम्बन्धित समितिको बैठक, अधिवेशनको अध्यक्षता गर्ने ।
(ख) संगठन विस्तारको लागि सम्बन्धित दस्यहरुलाई निर्देशन दिने र माथिल्लो समितिबाट प्राप्त भएका परिपत्रहरुलाई कार्यान्वयन गर्ने, गराउने ।
(ग) समितिको नेतृत्व गर्ने ।
(घ) आगामी वैठकमा अनुमोदन गराउने गरी समितिको कामको लागि बढीमा रु. १,०००।- सम्म खर्च गर्ने ।

**९.४० मा.वि, प्राविधिक शिक्षालय तथा क्याम्पस समितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिको कागजातको संरक्षण गर्ने ।
(ख) अभिलेख र प्रतिवेदनको सुरक्षा एवम् व्यवस्थित गर्ने ।
(ग) अध्यक्षको परामर्शमा वैठक बोलाउने ।
(घ) कार्यालय सम्बन्धी सम्पूर्ण काम गर्ने ।
(ङ) आगामी बैठकमा अनुमोदन गर्ने गरी समितिको कामको लागि बढीमा रु. ५००।- सम्म खर्च गर्ने ।

**९.४१ क्याम्पस, प्राविधिक शिक्षालय तथा मा.वि. समितिको सहसचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवलाई सघाउने ।
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।

**९.४२ क्याम्पस, प्राविधिक शिक्षालय वा मा.वि. समितिको कोषाध्यक्ष काम कर्तव्य र अधिकार :**

(क) समितिको कोषको सुरक्षा गर्ने एवं सम्पत्तिको अभिलेख राख्ने ।
(ख) आर्थिक काम कारवाही नियमित गर्ने ।
(ग) समितिको आयव्ययको हिसाव किताव दुरुस्त राख्ने ।
(घ) आम्दानी खर्चको फाँटवारी राख्ने ।
(ङ) समितिको परामर्श बमोजिम वार्षिक बजेट तयार पारी अधिवेशनमा पेश गरी पारित गराउने ।

**९.४३ मावि समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) सम्बन्धित समितिको बैठक, अधिवेशनको अध्यक्षता गर्ने ।
(ख) संगठन विस्तारको लागि सम्बन्धित सदस्यहलाई निर्देशन दिने र माथिल्लो समितिबाट प्राप्त भएका परिपत्रहरुलाई कार्यान्वयन गर्ने, गराउने ।
(ग) समितिको नेतृत्व गर्ने ।
(घ) आगामी बैठकमा अनुमोदन गराउने गरी समितिको कामको लागि बढीमा रु. ७००।- सम्म खर्च गर्ने ।

**९.४४ मावि समितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**
(क) अध्यक्षको काममा सघाउने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यले गर्ने सम्पूर्ण काम गर्ने ।

**९.४५ मावि समितिको सचिवको काम, कर्तव्य र अधिकार :**
(क) समितिको कागजातको संरक्षण गर्ने ।
(ख) अभिलेख र प्रतिवेदनको सुरक्षा एवम् व्यवस्थित गर्ने । (ग) अध्यक्षको परामर्शमा बैठक बोलाउने ।
(घ) कार्यालय सम्बन्धि सम्पूर्ण काम गर्ने ।
(ङ) आगामी वैठकमा अनुमोदन गर्ने गरी समितिको कामको लागि बढीमा रु ५००।-सम्म खर्च गर्ने ।

**९.४६ मावि, समितिको सहसचिवको काम, कर्तव्य र अधिकार :**
(क) सचिवलाई सघाउने ।
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।

**९.४७ मावि, समितिको कोषाध्यक्षको काम,कर्तव्य र अधिकार :**
(क) समितिको कोषको सुरक्षा गर्ने एवं सम्पत्तिको अभिलेख राख्ने । (ख) आर्थिक काम कारवाही नियमित गर्ने ।
(ग) समितिको आयव्यको हिसाव किताव दुरुस्त राख्ने ।
(घ) आम्दानीको खर्चको फाँटवारी राख्ने ।
(ङ) समितिको परामर्श बमोजिम वार्षिक बजेट तयार पारी अधिवेशनमा पेश गरी पारित गराउने ।

**९.४८ कार्यालय सहायकको व्यवस्था :** कुनै पनि स्तरको समितिलाई कार्यालयको दैनिक काम सञ्चालन गर्नको लागि आवश्यकता महसुश भएमा कार्यालय सहायक नियुक्त गर्न सक्नेछ । कार्यालय सहायकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) कार्यालयको दैनिक कार्यसञ्चालन गर्न सहयोग गर्ने ।
(ख) कार्यालय तथा संगठनको नाममा प्राप्त सूचना, प्रतिवेदन, पत्रपत्रिका एवं अन्य सामाग्री प्राप्त गर्ने र सोको अभिलेख एवम् फाइल तयार गरी सचिवालयमा पेश गर्ने ।
(ग) अध्यक्ष, महासचिव र सचिवको सल्लाहमा कार्यालयको तर्फबाट सम्पर्क, पत्राचारको साथै आवश्यक अन्य कामहरु समेत गर्ने ।
(घ) सम्पर्क व्यवस्थालाई नियमित र दुरुस्त पार्ने ।

**९.४९ प्रदेश, जिल्ला, विश्वविद्यालय, मा.वि. प्राविधिक शिक्षालय, क्याम्पस तथा मावि समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार :**
(क) आ-आफ्नो क्षेत्रमा समितिले तोकेको जिम्मेवारी पूरा गर्ने ।
(ख) आ-आफ्नो समितिको पदाधिकारीहरुको काममा पूर्ण सहयोग गर्ने ।
(ग) संगठनको नीति कार्यक्रमहरु कार्यान्वयन गर्न सकृय रुपमा आ-आफ्नो कार्य क्षेत्रमा क्रियाशील हुने ।

# भाग ७

**१०. राजीनामा, पद रिक्तता र पदपूर्ति :**

**१०.१** कुनैपनि पदाधिकारी एवम् सदस्यहरुको आ-आफ्नो पदबाट राजीनामा दिँदा सम्बन्धित समितिसमक्ष र तल्ला समितिका अध्यक्षले माथिल्लो समितिसमक्ष राजीनामा पेश गर्नुपर्ने छ । केन्द्रीय समितिको अध्यक्षले केन्द्रीय समितिमा राजीनामा पेश गर्नुपर्ने छ । राजीनामा सम्बन्धित समितिको साधारण बहुमतले स्वीकृत गर्न सक्नेछ ।

**१०.२ पद रिक्तता :** कुनै पनि समितिको पदाधिकारी वा सदस्यको सदस्यता समाप्त भएमा वा अनुशासनात्मक कारवाहीमा परी समितिबाट निष्काशित भएमा वा मृत्यु भएमा र यस बाहेक कुनै पदाधिकारी वा सदस्यले आफ्नो पदबाट राजिनामा दिई औपचारिक रुपले स्वीकृत भएमा मात्र निजको पद रिक्त भएमो मानिने छ । अनुशासनको कारवाही हुनुभन्दा अगाडि निजलाई लागेको अभियोगको बारेमा सफाई पेश गर्न पाउने मौकाबाट बञ्चित गरिने छैन ।

**१०.३. पदपूर्ति :** संघको कुनै पनि स्तरको समितिमा कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सम्बन्धित समितिले संघको सदस्यता प्राप्त व्यक्तिहरुमध्येबाट पदपूर्ति गर्नेछ । पदपूर्ति सम्बन्धित समितिको बहुमतको निर्णयबाट गर्न सकिनेछ ।

**१०.४ अविश्वास प्रस्ताव :** कुनै पनि स्तरको समितिको पदाधिकारी वा सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सम्बन्धित समितिको बैठक बोलाई दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पास गर्न सक्नेछ। तर निजलाई अभियोगको बारेमा सफाई दिने मौका दिइने छ। अविश्वासको प्रस्ताव केन्द्रीय समितिका पदाधिकारी वा सदस्यलाई १ वर्षमा एक पटक र क्याम्पस समिति वा मा.वि. समितिका पदाधिकारी वा सदस्यलाई ६ महिनामा एक पटकभन्दा बढी ल्याउन पाइने छैन।

**१०.५ कारवाही सम्बन्धि व्यवस्था:** संगठनको विद्यान र हित भन्दा बाहिर गएर सांगठनिक गतिविधि गर्ने, अभिव्यक्ति दिने जो कोहि सदस्यलाई पनि संगठनले कारवाही गर्न सक्नेछ। जुनसुकै तहको अधिवेशन र निर्वाचनमा विद्यान भन्दा बाहिर गएर संगठन निर्माण गर्ने समितिमा बस्ने समिति वा व्यक्ति स्वतः अवैध हुनेछ। **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**१०.६ पदावधि थप/समिति विघटन सम्बन्धि व्यवस्था:** सवै तहको पदावधि विशेष अवस्था बाहेक बढिमा दुई चोटी गरेर ६ महिना भन्दा बढि थप गर्न पाईनेछैन। थप समय भित्र पनि अधिवेशन नभएमा त्यस्तो समितिलाई केन्द्रिय समितिले एक चोटी स्पष्टिकरण लिएर १ महिना भित्र अधिवेशन गर्ने मौका दिनेछ, केन्द्रीय समितिको हकमा मातृ संस्था नेपाल मगर संघले गर्नेछ। विद्यानतः अवैध हुन जानेछ। - विशेष अवस्था भन्नाले कोरोना भाइरस जस्ता महामारी बुझिनेछ। **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)**

**१०.७ उम्मेदवार बन्न नपाउने व्यवस्था:**

क) नेपाल मगर विद्यार्थी संघको जुन सुकै तहको पदाधिकारी तथा सदस्य हुन कुनै पनि शैक्षिक संस्थामा अध्ययन गरेको हुनुपर्नेछ। अन्यथा उम्मेदवारी स्वतः रद्द हुनेछ।

ख) नेपाल मगर विद्यार्थी संघको जुन सुकै तहको पदाधिकारी तथा सदस्य हुन महाधिवेशन तथा अधिवेशनको मिति सम्म ३५ वर्ष ननाघेको हुनुपर्नेछ। अन्यथा, स्वतः उम्मेदवारी रद्द हुनेछ। (११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)

# भाग -८

**११. आर्थिक व्यवस्था :**

**११.१ कोष :** कोष भन्नाले सदस्यता शुल्क, लेबि, दान, अनुदान, चन्दा र अन्य आयमूलक कार्य आदिबाट संघलाई प्राप्त भएको रकमलाई मानिने छ। प्रत्येक समितिले संगठन सञ्चालन गर्न आ-आफ्नो स्तरको कोष खडा गर्नेछ।

**११.२ कोषको श्रोत र सञ्चालन :**

(क) सदस्यता शुल्क, लेवि, दान, अनुदान, सहयोग, अन्य आयमूलक कार्य आदिबाट प्राप्त रकम कोषको श्रोत मानिने छ।

(ख) प्रत्येक क्याम्पस प्राविधिक शिक्षालय तथा मावि समितिले जिल्ला समितिलाई र प्रत्येक जिल्ला समितिले प्रदेशसमितिलाई, प्रदेशसमितिले केन्द्रीय समितिलाई वितरित सदस्यता शुल्कको ६० प्रतिशत र अन्य आयको १० प्रतिशत रकम अनिवार्य रुपले बुझाउनु पर्ने छ।

(ग) कुनैपनि स्तरको रकम खर्च गर्नुपरेमा अध्यक्ष र महासचिव वा सचिवलाई विधानले दिएको अधिकार बाहेक अन्य हकमा सम्बन्धित समितिको बैठकद्धारा पारित गर्नुपर्ने छ।

(घ) समितिको सम्पूर्ण रकमहरु जम्मा गर्न सम्बन्धित समितिको अध्यक्ष, महासचिव/सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट बैक खाता खोली कुनै दुईको हस्ताक्षरबाट खाता सञ्चालन गरिने छ। केन्द्रीय समिति बाहेक अन्य समितिको हकमा महासचिवको ठाउँमा सचिवको हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ।

(ङ) प्रत्येक वर्षको माघ मसान्तमा दर्तावाला लेखापरीक्षकबाट केन्द्रीय समितिको लेखापरीक्षण गर्नुपर्नेछ। यदि समितिको हिसाव किताव दुरुस्त नभएमा वा हानी नोक्सानी भएमा दुरुस्त राख्ने काम स्वयम् खाता सञ्चालकको नै हुनेछ। अञ्चल, जिल्ला, विश्वविद्यालय, क्याम्पस, उच्च मावि, मावि, समितिको लेखा परिक्षण भने कन्द्रीय समितिको आर्थिक विभागले गर्नेछ।

(च) हरेक जिल्ला समितिले राष्ट्रिय भेला वा राष्ट्रिय महाधिवेशन हुनुभन्दा दुई महिना अगावै प्रति महिना प्रति सदस्य रु ५ का दरले वार्षिक लेवि केन्द्रीय समितिमा बुझाईसक्नु पर्ने छ।

# भाग -९

**१२.विविध**

**१२.१ कार्यालय :** संघको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ। अन्य समितिहरुको कार्यालय सम्बन्धित समितिले तोकेका प्रदेश, जिल्ला, शैक्षिक संस्था तथा गाँउ,नगर भित्र रहनेछ।

**१२.२ विधान संशोधन :** संघको विधान संशोधन गर्न आवश्यक परेमा विधान संशोधनको लागि सुझाव, सल्लाह, संकलन गरी केन्द्रीय समितिको दुई तिहाइ बहुमतद्धारा पास गरी राष्ट्रिय महाधिवेशनबाट अनुमोदन गराई विधान संशोधन गर्न सकिने छ। संशोधि विधान संघका सम्पूर्ण सदस्यहरुमा लागू हुनेछ।

**१२.३ नियम बनाउन सक्ने :** कार्य सञ्चालन गर्नका लागि प्रत्येक समितिले यो विधानसँग नबाझिने गरी नियम उपनियमहरु बनाइ लागु गर्न सक्नेछ।

**१२.४ व्याख्या :** विधानसम्बन्धि कुनै अस्पष्टता वा कठिनाई आई परेमा सोको व्याख्या र बाधा अड्चन फुकाउने काम केन्द्रीय समितिको हुनेछ।

**१२.५ सल्लाहकार समिति :** कुनै पनि स्तरको समितिलाई सही दिशाबाट परिचालन गर्न विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरुबाट आवश्यक सल्लाह र सुझाव लिनको लागि सानो सल्लाहाकार समितिको गठन गर्न सकिनेछ । **(११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित**)

**१२.६ निर्वाचन समिति :** संघको कुनै पनि स्तरको समितिको कार्यकाल समाप्त हुनु अगाडि सो समितिले १ प्रमुख आयुक्त र अन्य आवश्यकता अनुसार आयुक्त हुनेगरी निर्वाचन समिति गठन गर्नुपर्नेछ । सो समितिले निर्वाचन गरी कार्य सम्पन्न भइसकेपछि उक्त समिति स्वतः विघटन भएको मानिनेछ ।

**१२.७ निर्वाचन कार्यविधि :** निर्वाचनसम्बन्धि नियमहरु सम्बन्धित समितिले बनाई निर्वाचन समितिलाई दिनुपर्ने छ । यदि नदिएमा निर्वाचन समितिले नै निर्वाचनसम्बन्धी नियमहरु बनाई सम्बन्धित समितिको निर्वाचन गरी नयाँ कार्य समिति गठन गर्नेछ ।

**१२.८ निर्वाचन समितिबाट प्रमाणपत्र वितरण :** निर्वाचनमा निर्वाचित भएका पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिबाट जुन पदमा निर्वाचित भएको हो सो पदको लागि प्रमाणपत्र प्रदान गरिने छ ।

**१२.९ आर्थिक वर्ष :** यस संघको आर्थिक वर्ष हरेक वर्षको श्रावण १ देखि असार मसान्तसम्मलाई मानिने छ ।

**१२.१० पदावधिको व्यवस्था :**

क) केन्द्रीय समितिको - २ वर्ष

ख) प्रदेश समितिको - २ वर्ष

ग) जिल्ला /विश्व विद्यालय -१ वर्ष

घ) महानगर/ उपमहानगर/ नगर/गाउँ, त्रि.वि.का आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस / /क्याम्पस/मा.वि - १ वर्ष ।

**१२.११ विशेष समितिको व्यवस्था :** कामको आवश्यकता हेरी केन्द्रीय समितिले स्वदेशमा वा विदेशमा विशेष समितिको व्यवस्था गर्न सक्नेछ ।

**१२.१२ महासचिवको व्यवस्था :** महासचिवको व्यवस्था केन्द्रीय समितिमा मात्र हुनेछ ।

**१२.१३ विशेष प्रतिनिधिको व्यवस्था :** समितिले साँगठानिक कामको सिलसिलामा आवश्यकता महसुस गरेमानिश्चित व्यक्तिलाई निश्चित समय र निश्चित कामको लागि समितिले प्रनिनिधि नियुक्त गर्न सक्नेछ ।

**१२.१४महिला संख्या सम्बन्धी व्यवस्था :** हरेक स्तरको समितिहरुमा ३३ प्रतिशत अनिवार्य महिला सदस्य हुनुपर्नेछ । (११औं राष्ट्रिय महाधिवेशनबाट थप वा शंशोधित)

**१२.१५ सदस्यता वितरण व्यवस्था :** संघको सदस्यता कुनै पनि स्तरका कार्य समितिका बहालवाला अध्यक्ष वा सचिवले वितरण गर्नसक्ने छन् । तर केन्द्रीय समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुले मातहतका समितिका पदाधिकारी र सदस्यहरुलाई सदस्यता पत्र वितरण गर्न सक्नेछन् ।

**१२.१६ सपथको व्यवस्था :** संघको सपथ अनुसूची १ (क), (ख) र (ग) बमोजिम हुनेछ र सपथ केन्द्रीय समितिका अध्यक्ष वा सो समितिले तोकेको व्यक्ति समक्ष खानु पर्नेछ । तर केन्द्रीय समितिले भने नेपाल मगर संघ समितिका अध्यक्ष वा सो समितिले तोकेको व्यक्ति समक्ष खानुपर्नेछ । सपथ बाह्र मगराँत, अठार मगराँत (खाम/पाङ) र काईके मगर भाषामध्ये कुनै एक भाषाबाट खाए हुनेछ ।

**१२.१७** संघको सपथ, झण्डा, सदस्यता पत्र र संघको छापको नमुना क्रमशः अनुसूचि १, २, ३, ४ र ५ अनुसार हुनेछ ।

# अनुसूची : १

(धारा १२.१५ र १२.१६ सँग सम्बन्धित)

## सपथ :

**(क) बाह्र मगराँत :** ङा. नेपाल मगर सीप्या गूमस्ठऊ ठीटीके गीनीङ् होडा मन्डीलाङ् । ङा यीचेउ ढजा म्हकाङ् मूम मेल्हऊ काजूस् माजाट्लाङ । ङा ङऊ डेनाङ् गूमसठऊ सेहेचके काराङच आर्मीट्लाङ् । ङई ईसई गूमस्ठाके हेक्टार मासेच सेन ङ माजाट्लाङ्  ..................३ । मगर सीप्या गुमस्ठा जीवाकीङ् ।

**(ख) अठार मगरात (पाङ/खाम) :** ङा. नेपाल मङर सी सङ् ल नीम्जन् यीङ्लन्ज होनास्यू ईकाल झन्नी नीऊल जीङ् मट्लव धाने मालीङ्डी । ङा जी मतलव तन ईका सङ्ल ईजेत घीने यीङ् । ङा ईका सङ्जन खकैव माचानेमा ध्वङदी । ङा सोगल छीम्क सङ्जन हादेवै ङ..............३ । नेपाल मङर सी सङ् जन बन्चाईने ।

**(ग) काईके :** ङा नेपाल मगरर छेन्नान् ल काङ्भून ठीमङ् समलै मानी खेचे । ङा अन्न टाच्चौने पङ छ्यूङ छ्यूङ जेन बालै मखे । ङा जेन खेनै पोरोन भीतु दोनो खेचे । ङा अन् काङ्भू न वालै हातोय अल मखे । ङा अन काङ्भू ङ बच्चे......................३ ।

नेपाल डोलन्नान् काङ्भू लखेमता ।

# अनुसूची : २

(धारा ४ र १२.१६ संग सम्वन्धित)

संघको झन्डाको नमूना र व्याख्या



**चित्र नं. १**

**व्याख्या :** निलो पृष्ठभूमिले नेपाल मगर विद्यार्थी संघ जात, जाति, धर्म र  सम्प्रदायहरु विच शान्तिपूर्ण मित्रता कायम गर्दछ भन्ने अर्थलाई प्रष्ट्याउने छ  भने झण्डामा अंकित खुल्ला कितावमाथिको खुल्ला कलमले मगर विद्यार्थीहरु  चेतनाका संवाहक हुन् भन्ने अर्थ लगाउनेछ। त्यसै गरी आँसी सहितको  खुर्पेटोले आदिवासी मगर समुदायको संस्कृतिको पहिचान गराउनेछ।

**चित्र नं.१**

# अनुसूची : ३

(धारा १२.१६ संग सम्वन्धित)

संघको सदस्यता पत्रको नमूना

**"सम्पूर्ण मगर विद्यार्थीहरु एक होऔं, शैक्षिक जागरण फैलाऔं।"**

**नेपाल मगर विद्यार्थी संघ**

**सदस्यता-पत्र**

स.नं.

प्रदेश................................ जिल्ला...................................
महानगर/महानगर/नगर/गाँउपालिका/नाम...............................थर
भै  हाल..............................क्याम्पस/शिक्षालय/मा.वि .........................

तह.................बर्षमा.................अध्ययनरत...........
श्री..............................................................
लाई नेपाल मगर विद्यार्थी संघको विद्यान २०५३ अनुसार  सदस्यता शुल्क रु.५०।-(पचास) र सहयोग शुल्क रु.......................गरी जम्मा......................अक्षरुपी................................................ मात्र लिई सदस्यता प्रदान गरिएको छ।

................ ............... बुझाउने बुझिलिने

**चित्र नं. २**

# अनुसूची : ४

(धारा १२.१६ संग सम्वन्धित)

संघको सदस्यता रसिदको अर्धकट्टीको नमूना

**“सम्पूर्ण मगर विद्यार्थीहरु एक होऔं, शैक्षिक जागरण फैलाऔं ।” नेपाल मगर विद्यार्थी संघ**

**सदस्यता-पत्र**

स.नं.

नाम..............................................................................

ठेगाना..........................................................................

पद................................................................................

सदस्यता प्राप्त मिति..........................................................

सदस्यता प्राप्त गर्नेको सहि..................................................

**चित्र नं.३**

**नवीकरण**

| नवीकरण | | | | |
|---|---|---|---|---|
| नवीकरण मिति | मान्य अवधि | नवीकरण गर्नेको | | |
| | | दस्तखत | पद | समिति |
| | | | | |
| | | | | |
| | | | | |

चित्र नं. ४

# अनुसूची : ५

(धारा १२.१६ संग सम्वन्धित)

संघको छापको नमूना **चित्र नं. ५**

नोटः चित्र नं. ५ मा भएको खाली ठाउँहरुमा सम्बन्धित समिति कुन स्तरको हो सो नाम लेख्ने ।

शिक्षा जन्मसिद्ध अधिकार हो ।

सम्पूर्ण मगर विद्यार्थीहरु एक होऔं,

संघात्मक लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं ।

मगर विद्यार्थी एकता आजको आवश्यकता शिक्षित समाजको निर्माण हाम्रो प्रतिवद्धता ।

शैक्षिक क्षेत्रमा कायम सबैखाले विभेदको अन्त्य गरौं, वैज्ञानिक व्यवहारिक, विभेदरहित र संघिय शिक्षा प्रणालीको व्यवस्था गरौं ।

बहुभाषिक बिश्वबिद्यालय स्थापना गर ।

प्रथम सहिद लखन थापामगर- अमर रहुन् । नेपाल मगर विद्यार्थी संघ- जिन्दावाद ।

मगर विद्यार्थी एकता-अमर रहोस् ।

वीर सहीदहरु- अमर रहुन् ।

आत्मनिर्णयको अधिकारसहितको मगराँत स्वायत्त प्रदेश-सुनिश्चित गर ।

संघीय शिक्षा प्रणाली- लागू गर ।

नेपाल मगर विद्यार्थी संघ

प्रचार प्रसार तथा प्रकाशन विभाग

web:- www.nepalmagarstudent.org सहयोग रु ५०/- (पचास मात्र)